म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ४७ | बिहीबार ३० भदौ २०७९ | ने. सं. ११४२ ञलगा | 15 September, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोगहरु लाग्न सक्छन् ।

त्यसैले:

- खोला, धारा वा मूलको पानी सिधै प्रयोग नगरौं ।
- पानी उमालेर वा शुद्धिकरण गरेर मात्र प्रयोग गरौं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## १९ नम्बर वडाबासीले चुन र लेउ मिसिएको पानी कहिलेसम्म पिउने ?

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ हेटौंडा उपमहानगरपालिका-१९, बागमती प्रदेशको राजधानी भएको उपमहानगरको वडा । जहाँका बासिन्दा खानेपानीकै लागि अझैसम्म सास्ती खेपिरहेका छन् ।

देश संघीयतामा गएपछि हेटौंडाले देशको राजधानीको पनि राजधानी हुने मौका पायो । उपमहानगरको टोल-टोलमा सिंहदरवार आइपुग्यो । तर, १९ नम्बर वडाबासीको घरमा अझै खानेपानी पुगेको छैन । प्रदेशको राजधानी हेटौंडा बजारबाट पश्चिमतर्फ करिब १७ किलोमिटरको दूरि पार गरेपछि बस्तिपुर आइपुग्छ । बस्तिपुरबाट थप एक किलोमिटरभित्र छिरेपछि हेटौंडा-१९ को बासुदेव भन्ने स्थान पुग्न सकिन्छ । बासुदेवका बासिन्दा वर्षौंदेखि चुन र लेउ मिसिएको पानी पिउँदै आएका छन् । खानेपानीको अन्य विकल्प नहुँदा उनीहरु कुवाँको चुन मिसिएको पानी पिउन बाध्य छन् । बुधबार मध्यान्हमा बासुदेव पुग्दा स्थानीय कविता पहेली कुलोमा लुगा धुँदै थिइन् । उनलाई लुगा धुन उनको छोराछोरी सघाउँदै थिए । ०७२ सालमा विहे गरेर उक्त वडामा पुगेकी उनलाई सुरुमा त्यहाँको पानी खानै मन लागेको थिएन । चुन र लेउ मिसिएको नुनिलो पानी नखाई उनीसँग अरु विकल्प पनि थिएन ।

'विहे गरेर आएदेखि अहिलेसम्म हेटौंडाको धेरै ठाउँमा धेरै विकास भएको कुरा सुनियो । तर, खोई हामीले अहिलेसम्म शुद्ध र सफा पानी पिउन पाएको होइन', उनले भनिन् । हिउँदमा जेनतेन डाँडामा रहेको कुँवाबाट तानिएको पानी घरसम्म आइपुग्छ । चुन भएको नुनिलो दुषित पानी भएपनि उनीहरु खान्छन् । तर, वर्षामा पानीको भेल पसेपछि पानी खान लायकको हुँदैन । त्यसैले वर्षायाममा हिँडेर पानी लिन उकालो लाग्नु पर्ने बाध्यता रहेको पहेली सुनाउँछिन् । चुन मिसिएको दुषित पानी पिउनाले गाउँको धेरै जनामा टिभि, पत्थरी तथा झाडापखालाको समस्यासमेत देखिएको उनको बुझाई छ । 'पानीजस्तो कुरा नखाउ भनेपनि भएन । यस्तो फोहोर पानी खाँदा बिरामी भइन्छ रे । गाउँको कति जनामा



त टिभि, पत्थरी र बच्चाहरुलाई झाडापखाला पनि लागेको छ', उनले भनिन् । पहेलीले सहजरुपमा आफूहरुलाई स्वस्थ र सफा पानी खुवाउन वडाले कुनै चाँसो नदेखाएको गुनासो गरिन् । हिरामाया प्रजा र बीरबहादुर ब्लोनको पनि उही दुखेसो छ । कुवाँ, कुलो र खोल्चाको पानी प्रशोधन नगरी खाँदा रोग लागेको उनीहरुको बुझाई छ । गाउँमा आफूहरुलाई अरु विकासभन्दा पहिला सफा पानी चाहिएको उनीहरुको भनाइ छ । हिउँदमा कुँवा र खोल्चिको पानी आउने भएपनि लेउ र चुन मिसिएको पानी खानुपर्ने बाध्यता रहेको उनीहरुको भनाइ छ ।

१९ नम्बर वडाकै अझै भित्रि भागका बासिन्दा खानेपानी लिन घण्टौं हिड्नुपर्ने बाध्यतामा छन् । उक्त वडाको डुमारे, लेकपानी, कालिटार र भालुखोलाका बासिन्दाहरु खानेपानी लिन दैनिक घण्टौंसम्म हिड्ने गरेका हुन् । हेटौंडा बजारबाट करिब १८ किलोमिटरको मात्रै दूरि पार गरेपछि बासुदेव आइपुग्छ । बासुदेवबाटै सुरु भएको खानेपानी अभावको समस्या त्यहाँबाट जति माथि पुग्यो त्यति विकराल अवस्थामा भेटिन्छ । हेटौंडा प्रदेशको राजधानी भएपछि धेरै कुरा परिवर्तन भयो ।

देश संघीयतामा गएपछि पहिलोपटक प्रदेश सरकार आएपछि थुप्रै कुरामा परिवर्तन आए । तर, हेटौंडा-१९ का बासिन्दाको दुख:मा परिवर्तन आएन । उनीहरु अझैपनि पिउने पानीको लागि संघर्ष गरिरहेका छन् । प्रदेश सरकारले एक घर एक धाराको अभियान सञ्चालन गरिरहेको छ भने हेटौंडा उपमहानगरपालिकाले पनि उपमहानगर क्षेत्रमा नि:शुल्क खानेपानी वितरण सुरु गरिसकेको छ । तर, पनि प्रदेशको खानेपानी मन्त्रालय र उपमहानगरको कार्यालयबाट केहि समयको दूरिमा नै रहेको उक्त गाउँको बासिन्दाले अझैपनि पिउने पानीको लागि सास्ती खेप्न परिरहेको छ ।

हेटौंडा उपमहानगरपालिका-१९ का वडाध्यक्ष नरनाथ सुवेदीले प्रदेशको राजधानीबाट नजिकै भएपनि आफ्नो वडाका बासिन्दाहरु पिउने पानीको लागि छट्पटिनु परेको बताए । प्रदेश सरकार र हेटौंडा उपमहानगरपालिकाको चाँसोमा नपर्दा प्रदेशको राजधानीबासी खानेपानीबाटै बञ्चित हुनुपरेको उनको गुनासो छ । सुवेदीले चुन मिसिएको पानी खानुपर्ने बाध्यता रहेको बासुदेवको समस्या यो वर्ष समाधान हुने बताए । उनले उक्त समस्या समाधान गर्न धेरै संघ संस्था लागेपनि चुनको समस्या समाधान गर्न नसकेको बताए । त्यसैले वडाले चालू आर्थिक वर्षमा बासुदेवको बासिन्दालाई शुद्ध र सफा पानी खुवाउनको लागि पाँच लाख रुपैयाँ बजेट विनियोजन गरेको उनको भनाइ छ । उनले पाँच लाख रुपैयाँले त्यहाँको चुनको समस्या समाधान नभएर अरु बजेटको व्यवस्था गरेर भएपनि समस्या समाधान गरिने दावी गरे । तर, वडाको डुमारे, लेकपानी, कालिटार र भालुखोलामा पानी पुर्‍याउन भने वडाको मात्रै एकल प्रयासले सम्भव नहुने उनको भनाइ छ । उक्त स्थानमा लिफ्ट सिचांईबाट खानेपानी लैजाने योजना प्रदेश सरकारले बनाएको भएपनि आवश्यक बजेट विनियोजन नगर्दा योजना नै अलपत्र परेको उनले बताए । उनले भने 'प्रदेश सरकारले खानेपानीको समस्या समाधान गर्न लिफ्ट सिचांईको योजना ल्याएको ५ वर्ष भयो । करिब १२ करोड रुपैयाँ लाग्ने योजनाको लागि सरकारले वर्षेनि २० लाखको हाराहारीमा बजेट दिन्छ । यसरी कहिलेसम्म सिंचाई बनिसक्छ ?', उनले भने । सुवेदीले हेटौंडा उपमहानगरपालिकाले पनि पानी पुगेको स्थानमा नि:शुल्क खानेपानी वितरण गरेको भन्दै पानी नै नपुगेको स्थानलाई बेवास्ता गरेको बताए । 'जहाँ पानी पुगिसकेको छ, त्यहाँ चाँहि १० हजार लिटर खानेपानी नि:शुल्क रे । अनि अहिलेसम्म पानी नै नपुगेको ठाउँमा चाँहि चाँसो नै छैन ?', सुवेदीले प्रश्न गरे ।

## रोटरी माविका विद्यार्थीलाई पोशाक



साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ जिल्लाको पश्चिमी क्षेत्रस्थित राष्ट्रिय रोटरी माविका गरिव तथा विपन्न बिद्याथीहरुलाई विद्यालय पोशाक सहयोग गरिएको छ ।

मनहरीका युवा व्यवसायी तथा समाजसेवी इश्वर थापाको पहलमा रोटरी क्वलब अफ गोर्खा र रोटरी क्लब अफ चितवनबाट आएको पोशाक ५१ जना विद्यार्थीलाई वितरण गरिएको हो ।

मनहरी गाँउपालिकाकी उपाध्यक्ष सीता पुलामी मगर (रेखा)ले विद्यार्थीहरुलाई पोशाक वितरण गरेकी छन् । उपाध्यक्ष मगरले विद्यार्थीहरुको अध्ययनमा सबै क्षेत्रले सहयोग पुर्‍याउन पर्ने बताइन् ।

विपन्न विद्यार्थीहरुलाई विद्यालयबाट बाहिर राख्न नहुने भन्दै सबै खाले सहयोगबाट उनीहरुलाई विद्यालयप्रति अभिप्रेरित गर्नुपर्ने उनको धारणा थियो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक गोविन्द प्रसाद पौडेल, साहयक प्रअ साधुराम रिजाललगायतको उपस्थिति थियो ।

## मकवानपुरबाट डीना र खतिवडा उम्मेदवार

साझाकुरा संवाददाता



हेटौंडा, २९ भदौ/ मकवानपुरको दुई वटा प्रतिनिधिसभा क्षेत्रमा गठबन्धनबाट उम्मेदवारको टुंगो लागेको दाबी गरिएको छ । १ र २ नम्बर क्षेत्र नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)ले लिने गरी सहमति बनेको छ ।

गठबन्धनको शीर्ष नेतृत्वमा प्रतिनिधिसभा मकवानपुर-१ र क्षेत्र नम्बर २ मा भागबण्डा लगाउन आन्तरिक सहमतिको वातावरण बनेको जनाइएको हो । जसअनुसार प्रतिनिधिसभा क्षेत्र नम्बर १ बाट कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय (डीना) र २ नम्बर क्षेत्रबाट एकीकृत समाजवादीका स्थायी कमिटी सदस्य तथा पूर्व स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडा उम्मेदवार बन्ने पक्कापक्की भएको खबर छ । प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा गठबन्धनभित्र विवाद नदेखिएपछि २ नम्बर क्षेत्रमा भने नेकपा माओवादी केन्द्रले पनि दावी गरेको थियो ।

माओवादी केन्द्रका केन्द्रीय सदस्य रामनारायण विडारीले २ नम्बर क्षेत्रबाट आफूले टिकट पाउनु पर्ने भन्दै सार्वजनिकरुपमै खतिवडालाई स्वीकार्न नसकिने बताएका थिए । अन्तत: जिल्लास्थित दुवै क्षेत्रमा गठबन्धनबाट डीना र खतिवडा उम्मेदवार टुंगो लागेको एक कांग्रेस नेताले साझाकुरालाई जानकारी दिए । डीनाको निर्वाचन क्षेत्र २ नम्बर भएपनि खतिवडालाई छोडेर १ नम्बर क्षेत्रमा निर्वाचन लड्न गएकी हुन् । डीना अघिल्लो निर्वाचनमा खतिवडासँग २ नम्बर क्षेत्रमा पराजित भएकी थिइन् । कांग्रेसका एक नेताका अनुसार सहमहामन्त्री डिनालाई मकवानपुर-१ उम्मेदवार बन्ने सहमति बनेको हो । दुवै क्षेत्रमा गठबन्धनबाट विजयी हुने गरी तालमेल गर्न लागिएको बताइएइको छ ।

डीना दुवै निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभाका लागि सिफारिसमा परेकी थिइन् । उनको २ नम्बर क्षेत्रबाट एकल र १ नम्बर क्षेत्रबाट चार जनासँगै नाम सिफारिस भएको थियो । डीनासहित कांग्रेस प्रदेश सभापति इन्द्रबहादुर बानियाँ, रामचन्द्र अर्याल माइकल र जयराम लामिछाने नाम सिफारिस भएको थियो । डीनासँग आगामी ४ मंसिरमा प्रतिनिधिसभा निर्वाचनमा हेभिवेट नेताको भिडन्त हुने भएको छ । डीनाविरुद्ध पूर्वउपप्रधानमन्त्रीसमेत रहेका राप्रपा नेपाल अध्यक्ष कमल थापा, राप्रपाबाट दिपक सिंह चुनाव उठ्ने तयारी गरिरहेका छन् ।

खतिवडाविरुद्ध एमाले बागमती प्रदेश कमिटी उपमहासचिव युवा नेता महेश बर्तौला, राप्रपा नेपालबाट पार्टी महामन्त्रीसमेत रहेका युवा नेता राजाराम बर्तौला र राप्रपाबाट जिल्ला उपाध्यक्ष राजन मैनाली भिड्दैछन् । खतिवडा हालसम्म लडेका चारवटै निर्वाचनमा विजयी रहेका छन् । बर्तौलाद्वय पहिलो पटक प्रतिनिधिसभा लड्दै छन् ।

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५११३२८७४**
**९८४५०२८४३१**




**BCA** — Application form for Entrance Exam **Ongoing**

**BIM** — Online Entrance Application form for CMAT **Bhadra 27**

**BBS** — **ADMISSION IS OPEN NOW**

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES
www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4, Makawanpur | info@hsm.edu.np | 9855074222

## एक सय २४ जनामा डेंगु

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ मकवानपुरमा एकैदिनमा एक सय २४ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले दिएको तथ्यांकअनुसार जिल्लामा एकैदिनमा एक सय २४ जनामा डेंगु संक्रमण पुष्टि भएको हो । लामखुट्टेको टोकाइबाट संक्रमण हुने डेंगु पछिल्लो दुई हप्तादेखि मकवानपुरमा भाइरलको रुपमा देखिएको छ । हेटौंडाका एक सय १४ जनामा संक्रमण देखिँदा थाहा नगरपालिकाको ५ जना, मनहरी गाउँपालिकाको ३ जना मकवानपुरगढी र भीमफेदीको १-१ जना संक्रमित भएका छन् । मकवानपुरमा बुधवार दिउसोसम्मको रिपोर्टअनुसार १ हजार ३ सय ३१ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए ।

संक्रमित हुनेमा पुरुष ७ सय ७४ र महिला ५ सय ५७ जना छन् । मकवानपुरमा मंगलबार मात्रै ९५ जनामा डेंगु संक्रमण पुष्टि भएको थियो । ९५ मध्ये हेटौँडाका मात्रै ९२ जना थिए । बाँकी मकवानपुर गढी, मनहरी र बागमती गाउँपालिका भित्रका १-१ जनामा संक्रमण देखिएको घिमिरेले बताए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरु:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बाल दिवस र बाल अधिकार

नेपालमा प्रत्येक वर्ष भदौ २९ गते राष्ट्रिय बालदिवसको रुपमा मनाउने गरिएको छ । वि.सं २०२१ सालदेखि प्रत्येक वर्ष भदौ ४ गते मनाउन सुरु गरिएको राष्ट्रिय बालदिवस २०६३ सालमा आएर भदौ २९ गते मनाउन सुरु गरियो । सन् १९९०, १४ सेप्टेम्बर (भदौ २९) मा नेपालले बालअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेको दिनलाई बालबालिकाको विशेष दिनको रुपमा आत्मसात गरी सोही दिनलाई राष्ट्रिय बालदिवसको रुपमा मनाउन सुरु गरिएको हो । वि.सं २०२१ सालदेखि भदौ ४ गते मनाउने गरिएको बाल दिवस २०६३ पछि भदौ २९ गते मनाउन सुरु गरिएको हो । प्रत्येक वर्ष महत्वपूर्ण नारासहित महत्वपूर्ण सन्देश दिने र बाल अधिकारको सन्दर्भमा सुसूचित गराई बाल अधिकार संरक्षण गर्न यस दिवसले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । यो वर्ष 'बालमैत्री समाजको आधार: जिम्मेवार परिवार, उत्तरदायी सरकार' भन्ने नाराका साथ बुधबार बाल दिवस मनाइएको छ ।

तत्कालीन मुमाबडामहारानी रत्नराज्य लक्ष्मीदेवी शाहले भारत भ्रमण गर्ने क्रममा भारतमा महात्मा गान्धीको जन्मदिनमा बालदिवस मनाउने गरेको र भारतका प्रभावशाली राजनेताद्वारा समाजसेवामा सक्रियताका साथ लागेको देख्नुभयो । भारतबाट फर्केपछि रत्नद्वारा आफ्नो जन्म दिन पारी वि.सं २०२१ भदौ ४ मा नेपाल बाल संगठन स्थापना गरी बालमन्दिरमार्फत् टुहुरा, अनाथ बालबालिकाको संरक्षणको थालनी गरेको दिनलाई नै राष्ट्रिय बालदिवसको घोषणा गरी सो समयदेखि नियमितरुपमा बालदिवस मनाउन थालिएको पाइन्छ । ४ भदौका दिनलाई राष्ट्रिय बालदिवसको रुपमा देशले ४२ वटा बालदिवस मनायो । २०६२/०६३ सालको दोस्रो जनआन्दोलनपश्चात् लोकतन्त्रको स्थापनासँगै यसको पूरानो संरचनामा केही फेरबदल भयो । परिणामस्वरुप देशमा स्थापना भएको लोकतन्त्रले बालदिवसको मितिलाई पनि परिवर्तन गऱ्यो । प्राविधिकरुपमा जुन दिन बाल दिवस मनाइए पनि यसको सार्थकता महत्वपूर्ण हुन्छ । नेपाल सरकारले संविधान तथा कानूनमार्फत् बालबालिकाको थुप्रै हक तथा अधिकारको प्रत्याभूत गरेता पनि कार्यान्वयनको पाटो फितलो भइदिँदा कयौँ बालबालिकाहरु आफ्नो हक, अधिकारबाट वञ्चित भएका छन् । कुनै पनि दिवस मनाउनु एउटा परम्परा भए पनि परिवर्तित सन्दर्भमा नयाँ दृष्टिकोणसहित बालदिवस मनाउनुले यसको सार्थकता बृद्धि गर्दछ । बालअधिकारको बिषयमा के कस्ता राम्रा काम गऱ्यौं, कति उपलब्धि भयो, कति चुनौतीहरु आए, प्रतिबद्धता पूरा भए कि भएनन्जस्ता कुराहरुको समीक्षा हुनुपर्छ । बालबालिकाको हक र हितको संरक्षणका लागि बालदिवस एउटा महत्वपूर्ण दिन बन्न र बनाउन सक्नुपर्छ ।

बालबालिकाको क्षेत्रमा राज्यले धेरै कार्य गर्न खोजे पनि पर्याप्त बन्न सकिरहेको छैन । बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताअनुरुप नेपाल सरकार बालबालिकाको विषयमा अझ संवेदनशील हुँदै देशको संविधान, कानून, नीति, योजना, संस्थागत व्यवस्था र कार्यक्रममा बालअधिकारका मर्मलाई समेट्दै समयानुकूल सुधार गर्दै जानु आवश्यक छ । बालबालिकाको हक हित र अधिकारका विषयमा चर्चा गर्ने दिन बाल दिवस हो । घरपरिवारदेखि विद्यालय र अन्य क्षेत्रमा बालबालिकाको उचित सहभागिता र संरक्षणका लागि संघ, प्रदेश तथा स्थानीय सरकारलगायत सबै पक्ष गम्भीर हुन आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ ३१ गते शुक्रबार १६ सेप्टेम्बर २०२२ । आश्विन कृष्णपक्ष षष्ठी । ञलगा ११४२ ने.सं. । सूर्योदय ५:५०, सूर्यास्त ६:०६ । सप्तमी श्राद्ध ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा नयाँ योजना बन्नेछ | तुला | : शरीरमा समस्या देखिन सक्नेछ |
| वृष | : साथीभाइमा मनमुटाव हुनेछ | वृश्चिक | : सामाजिक प्रतिष्ठा बढ्नेछ |
| मिथुन | : धार्मिक कार्यबाट प्रगति हुनेछ | धनु | : सानातिना अवरोध आइरहनेछ |
| कर्कट | : सहयोग गर्ने भावना आउनेछ | मकर | : मित्रसंग विवाद हुनसक्नेछ |
| सिंह | : यात्राको लागि सुखद देखिन्छ | कुम्भ | : भेटघाटमा समय बित्नेछ |
| कन्या | : रमाइलोको समय रहेको छ | मीन | : सम्पत्तिको खचपच हुनेछ |

# बहस: महिला नेता कि नेतृ ?



बिन्दा पाण्डे

बौद्धिक जमातले हिलालाई हेर्ने दृष्टिकोण थियो त्यो, महिलालाई मान्छे नै मानिँदैनथ्यो । अहिले पनि नेता भन्नासाथ पुरुष भनेर चिनिन्छ, हामीलाई 'नेतृ' भनेर चिनाइन्छ ।

अँग्रेजीमा सजिलो छ- 'लिडर' भन्दिए भइहाल्यो । नेपालीमा चाहिँ पदलाई पनि लैंगिक स्वरूपमा ढालेर महिला नेता बुझाउन 'नेतृ' भन्ने त्रुटिपूर्ण चलन छ । महिला होस् वा पुरुष 'लिडर' बुझाउने साझा शब्द नेता नै हो । यो अभ्यासको लामो परम्परा छ- पार्टीका केन्द्रीय सदस्य युवालाई मिडियामा नेता भनेर लेखिन्थ्यो भने हजुरआमा पुस्ताकी अग्रज नेता साहना प्रधानलाई चिनाउँदा चाहिँ 'एमोलेकी महिला नेतृ' भनेर लेखिन्थ्यो । तर 'पुरुष नेता' भनेर कहिल्यै लेखिँदैन । यो हाम्रो चिन्तनको उपज हो ।

म तपाईंलाई एउटा अनुभव सुनाउँछु । मैले पीएचडीको अनुसन्धान गर्दै गर्दा थाहा पाएँ- २०१० सालमा पहिलोपटक शिक्षा आयोग बनेको रहेछ । त्यसले निकालेको दस्तावेजमा एउटा वाक्यांश छ- 'नेपालमा मान्छेको तुलनामा स्त्रीको संख्या धेरै भएका कारण स्त्री शिक्षामा जोड दिन जरुरी छ ।' बौद्धिक जमातले महिलालाई हेर्ने दृष्टिकोण थियो त्यो, महिलालाई मान्छे नै मानिँदैनथ्यो । अहिले पनि नेता भन्नासाथ पुरुष भनेर चिनिन्छ, हामीलाई 'नेतृ' भनेर चिनाइन्छ ।

संरचनागत चिन्तनको प्रभाव अझै हटेको देखिँदैन । मंसिर ४ गते हुने निर्वाचनका निम्ति निर्वाचन क्षेत्र र जिल्लाहरूले केन्द्रीय तहमा सम्भावित उम्मेदवार सिफारिस गर्दा नेकपा एमालेले कम्तीमा एउटा महिलासहित ३ जनाको नाम मागेको छ भने नेपाली काँग्रेसले समानुपातिकमा कम्तीमा १ जना महिला सहित ३ जना र प्रत्यक्षतर्फ '३ जना सम्भावित उम्मेदवारको नाम पठाइदिनोस्' भनेर परिपत्र गरेको रहेछ । प्रत्यक्षतर्फ सम्भावित ३ जनामा महिला उल्लेख नभएपछि साथीहरूले 'महिलाको संख्या किन नतोकेको' भनेर प्रश्न गर्नुभएछ । जवाफमा भनिएछ- 'यसमा पुरुष पनि त लेखिएको छैन नि !'

भिन्न दलमा संगठित भए पनि हामीहरूले आउँदै गरेको निर्वाचनमा बढीभन्दा बढी महिला उम्मेदवारको सहभागिता बढाउन एउटै आवाजका साथ हिँडिरहेका छौं । जनताको बलले बनेको संविधानको भावना र मर्मअनुरूप हिँडौं, त्यसको कार्यान्वयनमा जाऔं भनिरहेका छौं । एउटा संविधानको एउटै धाराको माग गर्दा हाम्रो भाषा एउटै देखिनु स्वाभाविक भइहाल्यो । संविधानको धारा ४२ मा सामाजिक न्यायको कुरा लेखिएको छ । भनिएको छ- 'हिजोदेखि किनारमा पारिएका समुदायलाई मूलधारमा ल्याइनुपर्दछ ।' महिला अधिकारबारे प्रस्टसँग लेखिएको धारा ३८ को उपधारा ४ मा 'राज्यका सबै निकायमा महिलालाई समावेशी सिद्धान्तका आधारमा समानुपातिक हक हुनेछ' भनिएको छ । मौलिक हक कार्यान्वयन गर्न कानुन बनाउनु परे ३ वर्षभित्र बनाइसक्नुपर्ने भनी लेखिएको छ । ७४ को निर्वाचन हुँदा संविधान कार्यान्वयन भएको ३ वर्ष पनि पुगेको थिएन र कानुन पनि बनिसकेको थिएन । त्यतिबेला हामीले संघ र प्रदेश निर्वाचनबाट कम्तीमा एकतिहाइ आउनेगरी महिलाको उम्मेदवारी हुनुपर्छ भनेका थियौं । कुनै कानुन नबनिसकेको हुनाले समानुपातिक र प्रत्यक्ष दुवै निर्वाचन प्रणालीबाट जोडेर एकतिहाइ आउने भनिएकाले परिणाम त त्यसबमोजिम आयो तर समानुपातिकतिर बढी आयो ।

यो निर्वाचन हामीले संविधान घोषणा भएको ७ वर्षपछि गर्दै छौं । अहिले आएर ३ वर्षभित्र बनिसक्नुपर्ने कानुन बनेको छैन भनेर उम्किन पाइँदैन । कानुन नबन्नुमा रहेको कमजोरीलाई हामीले स्वीकार्नपऱ्यो । तर कानुन बनाउन नसकेकाहरूले फेरि त्यसैका नाममा अर्को गल्ती गर्न पाइँदैन ।

संविधानको भावनाअनुरूप निर्वाचनमा जान नेतृत्वलाई हामीले विकल्पसहितको सुझाव दिएका छौं- एक, समानुपातिकमा मात्र होइन, पहिलो हुने निर्वाचन प्रणालीमा पनि महिलाले ५० प्रतिशत उमेदवारी पाउनुपर्यो । त्यसो गर्दा सबै क्षेत्रमा उठाउने हो भने हरेक पार्टीलाई ८३ जना महिला उम्मेदवार चाहिँदो रहेछ । दुई, हाम्रो तत्कालको तयारी नपुगेकाले यति उम्मेदवार उठाउन प्राविधिक रूपले अप्ठेरो छ भने कम्तीमा परिणाममा एकतिहाइ महिलाले जित्नेगरी उम्मेदवारको व्यवस्था हुनुपर्छ । त्यसो गर्दा ५५ जना उम्मेदवारको आवश्यकता पर्दोरहेछ ।

त्यो सम्भव छ कि छैन भनेर केलाउन हामीले ६४ र ७० को निर्वाचन हेऱ्यौं । ६४ को निर्वाचनबाट ३० जना महिला निर्वाचन भएको देखिन्छ भने ७० सम्म आइपुग्दा त्यो १० जनामा सीमित भयो भने ७४ सम्म पुग्दा त त्यो ६ जनामा खुम्चियो । यसले हाम्रो संविधान उकालो लागिरहेको र नतिजाचाहिँ ओरालो लागिरहेको देखाउँछ । हामीले यो ओरालो लागेको कुरालाई 'करेक्सन' गर्नुपर्छ भनेका हौं ।

६४ को निर्वाचनमा 'कम्तीमा एकतिहाइ महिला उम्मेदवार हुनुपर्छ' भन्ने प्रावधानबमोजिम २४० निर्वाचन क्षेत्रबाट अनुपातमा बढी महिलाले जितेका थिए । समानुपातिकमा आधाआधा उठाउँदा पनि प्रत्यक्षतर्फ कम्तीमा १० प्रतिशत महिला उठाउनैपर्ने अवस्था थियो । अहिले पनि कम्तीमा प्रत्यक्षतर्फ एकतिहाइ महिला उठाऔं न भन्दा ३७ जना महिला उम्मेदवार उठाउनुपर्दोरहेछ ।

यति धेरै क्रान्तिमा लागेका र सुरुदेखि नै महिला नेताहरूको योगदानसहितको लामो इतिहास बोकेका पार्टी नेतृत्वले अलिकता फराकिलो मन गर्ने हो भने यति दिन नसकिने भन्ने कुरा केही थिएन । संविधान हामीले नै बनाएर हस्ताक्षर गरिएको र त्यसको कार्यान्वयन गर्ने अभिभारा पनि हाम्रै हो भनी सोच्ने हो भने यो नगरी हुँदैन । समस्या के हो भने हामीले बारम्बार राजनीतिक प्रणाली परिवर्तन गर्यौं तर हाम्रो सांच परिवर्तन भएन । दृष्टिकोण परिवर्तन गर्न सकेनौं । संविधान कार्यान्वयन गर्ने पहिलो कर्ता हामी नै हौं भनेर कुनै दलका नेतृत्वले सोच्न सकेन । स्वामित्व लिने काम भएन । संविधान घोषणा गरिदिएको छ, हस्ताक्षर गरिदिएको छ, कार्यान्वयन त क्रमश: हुँदै गर्छ भन्ने चिन्तन हावी छ ।

तर त्यो समय कहिले आउँछ ? दस वर्षपछि त हामीले संविधान नै पुनरवललोकन गर्ने भनेका छौं । त्यो समीक्षा गर्ने बेला आइसक्यो तर कार्यान्वयन गर्ने कुरामा हामी आफैं प्रतिबद्ध हुन सकिरहेका छैनौं । यी सबै गर्न नसकेकै कारण अब प्रणालीमै प्रश्न उठ्न थालिसकेको छ । समावेशिता कार्यान्वयन गर्न नसकेका कारण मान्छेमा आक्रोश र निराशा बढिरहेकाले पनि नेतृत्वले यस्ता असन्तुष्टि व्यवस्थापन गर्न मतदाताले के चाहिरहेका छन् भनेर उम्मेदवार चयन गर्नुपर्ने छ । मतदाताले नयाँ अनुहार र नयाँ पुस्ता खोजिरहेका छन् । त्यसमा दलहरूले संविधानको मर्मबमोजिम समावेशी प्रावधान पालना गरुन् भन्ने चाहिरहेका छन् ।

एउटा व्यक्ति कतिचोटि उम्मेदवार हुने ? यो पनि चर्चाको विषय छ । हाम्रै पार्टीको कुरा गर्नुहुन्छ भने ४३ सालको पञ्चायती व्यवस्थामा पार्टीले जसलाई उम्मेदवार बनाएको थियो, तिनै व्यक्ति निर्वाचन आउनासाथ उम्मेदवारी दिन कस्सिरहेका हुन्छन् । एकजना साथीले २०४८ सालपछि प्रतिनिधि सभा र राष्ट्रिय सभा गर्दै निरन्तर उम्मेदवार दिने व्यक्ति २९ जना हुनुहुन्छ भनी सुनाउँदै हुनुहुन्थ्यो ।

यस्तो प्रवृत्तिले २९ जना उम्मेदवार भइरहने र मतदाता आजीवन उहाँहरूलाई नै मत हाल्न जन्मिएजस्तो भयो । त्यसैले अहिले हामीले एउटा व्यक्ति दुईचोटि भन्दा बढी चुनाव लड्ने प्रचलन खारेज गरी नयाँ अनुहारलाई उठाउनुपर्छ भन्ने बहस गरिरहेका छौं । निश्चित अवधिका लागि पार्टीको नीति तथा कार्यक्रम लागू गर्न राज्य-सत्तामा जाने हो एउटा व्यक्तिले बाँचुन्जेल सत्ताको दाबी गरिरहने होइन, उसले पार्टीका निम्ति काम गर्ने हो । कुनै व्यक्तिलाई सत्तामा नपठाई नहुने अवस्था छ भने उसलाई पठाउनुपर्ने औचित्यसहित समानुपातिक सूचीबाट पनि त्यहाँ पठाउन सकिन्छ । राष्ट्रिय सभामा पनि पठाउन सकिने भो । तर त्यसको औचित्य पुष्टि गरिनुपर्छ ।

महिला कमजोर हुन्छन्, तिनले चुनाव जित्दैनन् भन्ने परम्परागत र पितृसत्तात्मक सोचले हामीलाई प्रत्यक्षबाट उठाउन खोजिँदैन । मतदातालाई महिलालाई भोट दिँदैनन भन्ने सोच पनि छ । तर पछिल्लो समय हामीले गरेको अभ्यासबाट त्यो सोचाई गलत साबित भइसकेको छ । स्थानीय निर्वाचनबाट निर्वाचित महिलाले जसरी इमान्दारीपूर्वक सेवा प्रवाह गर्नुभो, त्यसले नागरिक महिलाको नेतृत्व स्वीकार्न तयार छन् भन्ने देखाएको छ ।

सरकारी निकायहरूले नै गरेका अध्ययन र अनुगमनबाट के देखिएको छ भने पुरुषको तुलनामा महिला जनप्रतिनिधिबाट अनियमितता कम भएको छ । मतदातामा महिलाले इमान्दारीपूर्वक राम्रो काम गर्छन् है भन्ने छाप परेको छ । तर पञ्चायतविरुद्ध लडेर आएको पार्टी नेतृत्वको भने पुरानो मानसिकता परिवर्तन गर्न सकिएको छैन । उहाँहरू अझै 'मान्छेभन्दा स्त्री पछाडि परेका' मानसिकतामै हुनुहुन्छ । त्यसैले अझै पनि राजनीतिक रूपमा महिलाको नेतृत्व स्वीकार्न सक्ने अवस्था बनिसकेको देखिँदैन ।

एउटा महिलाले आमा हुन जति दु:ख झेल्नुपर्छ र उसलाई हुर्काउन जति संघर्ष गर्नुपर्छ, त्यति पुरुषले बा हुन झेल्न पर्दैन । तर त्यसरी खुनपसिनाले सिञ्चित त्यही बच्चालाई आमाले भोलि सार्वभौम नागरिकता दिलाउन सक्ने अवस्था छैन । मानवीय संवेदनाहिनता यति लामो संघर्षबाट स्थापित गरेको संविधानबाट पनि हटाउन सकिएन ।

महिला मताधिकार प्रारम्भ भएको झन्डै ७ दशक बितिसक्दा पनि प्रजातान्त्रिक हुँदै लोकतान्त्रिक गणतन्त्रले सिँगारिएको संघीय व्यवस्थामा प्रविष्ट गरेको नेपाली राजनीतिले प्रत्यक्ष निर्वाचनबाट ७ जना महिला उम्मेदवार सम्म जिताउन नसकिरहेको दलीय बेथितिबारे १४ भदौमा एउटा आलेख तयार पारेको थिएँ । यस्तो जडताको पछाडि 'जेठो पुरुष'हरूको नेतृत्वमा दशकौंदेखि चलिरहेको दलीय नेतृत्व र तिनका मथिंगलबाट निर्देशित वैचारिकीले केन्द्रीय भूमिका खेलिरहेको मेरो अध्ययनको निष्कर्ष थियो ।

पञ्चायती राजमा महिलाको प्रतिनिधित्व देखाउन 'मनोनयन' गर्ने परम्परालाई २०४६ सालपछिको परवर्तित व्यवस्थामा राष्ट्रिय सभामा तानेर निरन्तरता दिन थालिएको र संघीय लोकतान्त्रिक गणतन्त्रमा त्यही चलनलाई 'समानुपातिक निर्वाचन पद्धति'मार्फत निरन्तरता दिइएको छ । ठूला राजनीतिक परिवर्तनहरूबाट निर्मित नेतृत्वले समेत महिला नेतालाई प्रत्यक्ष चुनावी प्रतिस्पर्धामा भिड्न दिइरहेको छैन ।

समावेशी लोकतन्त्रको वकालत गर्ने हामीले अभ्यास गर्ने निर्वाचन पद्धतिभित्र छिराउन नखोज्ने दलीय नेतृत्वले किनारीकृत गरिएका आधा जनसंख्या ओगट्ने महिलासँग पुरुष नेतृत्व किन डराइरहेको छ ?

-साभार: नेपालखबर

# व्यवसायीलाई आकर्षित गर्दै ड्रागन फल



सुशीला रेग्मी

तानसेन नगरपालिका-७ बारुदखान बस्ने सन्दीप अधिकारीको बारीमा ड्रागन फलका करिब दुई सय बोट छन् । ती बोटमध्ये केही उत्पादन दिँदैछन् त केही फुल्दैछन् । गत वर्ष लगाएको बिरुवा ले एक वर्षमा नै राम्रो उत्पादन दिएको छ । हेर्दा बोट हरियाली, उत्पादित फल स्वादिलो र आम्दानी पनि राम्रो भएपछि यसमा धेरै किसानको आकर्षण बढेको छ । उहाँ भन्नुहुन्छ, "पहिलो वर्षमा नै राम्रो फल लाग्यो, स्याहार सुसार संरक्षणमा धेरै ध्यान दिनुपर्ने रहेछ, बजारमा यसको माग राम्रो देखेर नयाँ खेती थालनी गरेको हो, परीक्षणमा नै राम्रो उत्पादन दियो ।"

फल उत्पादन मात्र नगरी आफैँले नर्सरीमा बिरुवा तयार गरेर बेच्ने गर्नुहुन्छ । फलसँगै बिरुवा बिक्रीबाट राम्रै फाइदा गर्न सकिने उहाँ बताउनुहुन्छ । ललितपुरबाट ल्याएर आफैँले घरमा बिरुवा बनाएर उहाँले खेती सुरु गर्नुभएको हो । उहाँले ड्रागनखेतीलाई व्यावसायिकरुपमा थालनी गरेपछि तानसेन नगरपालिकाबाट गत आर्थिक वर्षमा १२० बिरुवा खरिदमा अनुदान र संरचना तयार पार्न रु एक लाख रकम अनुदान प्राप्त गर्नुभएको छ । यस व्यवसायसँगै उहाँले लहरे आँपको पनि खेती गरिरहनुभएको छ । खाली भएका र ड्रागन फल लगाएका जग्गा वरपरको जमिन सदुपयोग गर्दै ४३ बोट लहरे जातको आँप लगाएर बारी हराभरा बनाउनुभएको छ । स्थायी संरचना तयार पारिएकाले अब ड्रागन फललाई यथावत नै खेती गर्ने, लहरे आँपलाई विस्तार गर्ने सोँच बनाउनुभएको छ ।

तिनाउँ गाउँपालिका-१ कचलका टेकबहादुर रासकोटीले १४ महिनाअघि दाङ र सुनसरीबाट बिरुवा ल्याएर ड्रागनको व्यावसायिक तरिकाबाट खेती गर्नुभएको छ । करिब एक हजार पाँच सय बोट लगाउनुभएका उहाँले चौथो पटकको उत्पादन बिक्री गरिसक्नुभएको छ । यस वर्ष दुई क्वीन्टल बिक्री गर्ने लक्ष्य लिनुभएको छ । यहाँ उत्पादन भएको फल बुटवल बजारमा धमाधम बिक्री भइरहेको छ । "बिरुवा को स्याहारसुसार राम्रो गरियो भने छिटो उत्पादन लिन पाइने रहेछ, मेहनत गरे अनुसारको उत्पादन भइरहेको छ, ११ महिनाभित्रमा नै मैले उत्पादन लिन सुरु गरेको हुँ, बजार सहज भएकाले बिक्री कसरी गर्ने भन्ने पिरलो छैन", उहाँले भन्नुभयो । ठण्डीको समयमा रोगले आक्रमण गर्दा रेखदेखमा बढी ध्यान दिनुपर्दछ, विशेषगरी मंसिर, पुस, माघ तीन महिना बिरुवा लाई जोगाउनुपर्ने, यो समयमा कालो ढुसी नामक रोगले बढी सताउने हुँदा अन्य समय सामान्य रेखदेख नियमित गरियो भने राम्रो उत्पादन हुने उहाँको अनुभव छ । व्यवसाय विस्तार गर्न रहर छ तर मलजलको व्यवस्थापनमा समस्या रहेको उहाँ बताउनुहुन्छ । करिब १५ वर्ष डोजर अपरेटरमा काम गर्नुभएका रासकोटीको अहिलेको दिनचर्या ड्रागन फलको रेखदेखमै बितेको छ । जागिरे जीवनमा महिना सकिएपछि तलव बुझ्ने गर्नुभएका उहाँ कृषिमा लाभ लिन समय पर्खनुपर्ने बताउनुहुन्छ । परिवारको साथमा गाउँका जग्गा सदुपयोग गर्दै खेती गर्दा सन्तुष्ट भएको बताउनुभयो । उहाँले यस व्यवसायमा करिब रु आठ लाख लगानी गर्नुभएको छ । गाउँपालिकाले नर्सरी व्यवस्थापनमा केही अनुदान सहयोग गरेको छ । कंक्रिट र फलामको स्थायी संरचना तयार पारिएकाले पूर्वाधारमा अब धेरै लगानी गर्नु नपर्ने उहाँको भनाइ छ ।

स्थायी संरचना लामो समयसम्म कायम रहने हुँदा उत्पादित वस्तुबाट राम्रो फाइदा लिने बताउनुभएको छ । भारतीय सेनाबाट अवकाश प्राप्त माथागढी गाउँपालिका-१ फेदीका सोमबहादुर आलेलाई ड्रागनको रेखदेख गर्दा समय बितेको पत्तै हुँदैन । पच्चीस वर्षसम्म भारतीय सेनामा जीवन बिताउनुभएका आले आफ्नै गाउँमा बसेर कृषि कार्य गर्दा झन् फूर्तिलो हुँदै जानुभएको छ । डेढ वर्षअघि खेती सुरु गर्नुभएका आलेले राम्रो धान फल्ने खेतमा छ सय बिरुवा लगाउनुभएको छ । उत्पादनका हिसावले धानबालीको तुलनामा यसबाट दोब्बर बढी फाइदा लिन सकिने उहाँको अनुभव छ । उत्पादित फल स्थानीय बजारका अलवा तानसेन, आर्यभञ्ज्याङ लगायतका बजारमा धमाधम बिक्री भइरहेको छ । अहिलेसम्म तीन टनजति फल बिक्री गरिसक्नुभएको छ ।

बजारमा यस फलको माग धेरै बढेकाले तीन रोपनी जग्गामा खेती गर्नुभएका उहाँले खेती विस्तार गरी सात रोपनीमा पुऱ्याउने लक्ष्य राख्नु भएको छ । दैवी प्रकोपले समस्या नपारेमा यसबाट मनग्य कमाई गर्न सकिने र अर्कोतर्फ फुर्सदको समय राम्रोसँग सदुपयोग भएकोमा उहाँ यस व्यवसायप्रति खुसी हुनुहुन्छ । उहाँले यस खेतीका अलवा एभोकाडो खेती पनि गरिरहनुभएको छ । यसले धेरै क्षेत्रफल ओगट्ने हुँदा अहिले २० बोट लगाउनुभएको छ । रामपुर-३ रजघरा बस्ने हिरण्यराज रेग्मीले पनि एक वर्षअघि यस फलको खेती सुरु गर्नुभएको छ । करिब ५० बोट लगाउनुभएका उहाँले भने नर्सरी पनि तयार पारेर बिरुवा उत्पादन तथा बिक्री गरिरहनुभएको छ । नर्सरीमा करिब २० हजार बिरुवा तयार भएका छन् । यो खेती नयाँ र स्वास्थ्यका लागि अति राम्रो भएकाले विभिन्न ठाउँबाट बिरुवा खरिद गर्न ग्राहक आउने गरेको रेग्मीले बताउनुभयो । "एक पिल्लरमा चारैतिर लगाइको चारवटा बोटमध्ये एक बोटमा कम्तीमा ३० वटासम्म फल लाग्दोरहेछ, एक वर्षभित्र फल तयार हुने, यसको राम्रो सम्भावना रहेकाले अब व्यावसायिकरुपमा खेती विस्तार गर्नेछु", उहाँले भन्नुभयो । कृषि ज्ञानकेन्द्र पाल्पामार्फत कृषि शाखा रामपुर परिसरमा १२० बोट बिरुवा गएको जेठ र असारमा लगाइएको छ । यहाँ लगाइएको बिरुवा हुर्कने क्रममा छन् ।

रामपुर नगरपालिकाले यसवर्ष व्यावसायिक खेतीका लागि रु तीन लाख रकम विनियोजन गरेको कृषि शाखा प्रमुख रामहरि पाण्डेयले बताउनुभयो । पाल्पामा ड्रागन फलको खेती नयाँ भएकाले यसमा आकर्षण र बजार माग बढ्दो रहेको हुँदा अहिले केही पालिकाका कृषकले व्यावसायिक खेती सुरु गरेको ज्ञानकेन्द्र पाल्पाका प्रमुख कामना अधिकारीले बताउनुभयो । "व्यावसायिक सफलताका लागि तीन वर्षको समय पर्खनु पर्नेहुन्छ, एक वर्षमा नै रोगकिरा, उत्पादनको हिसाबले सबै जानकारी नहुने हुँदा तीन वर्षभित्रमा यसलाई परीक्षणका रुपमा हेरिने र त्यसपश्चात् प्राविधिक अध्ययनले पाल्पामा व्यावसायिक खेतीका लागि उपयुक्त छ या छैन निष्कर्ष निकालिने छ" कार्यालय प्रमुख अधिकारीले भन्नुभयो ।

पाल्पालाई फलफूलमा कागती र सुन्तलाखेती नै राम्रो मानिएको छ । नयाँ खेती र बजारको माग बढेकाले जिल्लामा ड्रागन फलमा आकर्षण बढे पनि अध्ययन अनुसन्धानको काम भइरहेकाले व्यावसायिक खेतीका लागि उपयुक्त हो भनेर अहिले नै प्राविधिक हिसाबले भन्न नमिल्ने अधिकारीले बताउनुभयो । यसको मूल्य बजारमा जातअनुसार न्यूनतम ३०० देखि माथि छ । यो फल रातो, सेतो, गुलाबीलगायतका विभिन्न प्रजातिका छन् ।

- बाँकी पृष्ठ ३ मा...

# 'नेपाली कलासंस्कृति चिनियाँ कलासंस्कृतिसँग मिल्दोजुल्दो'



भक्तपुर, २९ भदौ (रासस)/ नेपालको चारदिने औपचारिक भ्रमणमा रहेका चिनियाँ जनकंग्रेस, स्थायी समितिका अध्यक्ष ली चान्शुले बुधबार भक्तपुरको ऐतिहासिक सम्पदाहरूको अवलोकन गरेका छन् ।

बिहान ९:२० बजे ऐतिहासिक विश्व सम्पदा सूचीमा सूचीकृत भक्तपुर दरबार स्क्वायर पुगेका अध्यक्ष लीलाई भक्तपुर नगर पालिकाका प्रमुख सुनिल प्रजापति, संघीय सांसद प्रेम सुवाल, बाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईं, सृजना गोसाईं, नगरपालिकाका उपप्रमुख रजनी जोशी, भक्तपुरका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मालगायत नगर कार्यपालिकाका सदस्यहरूले स्वागत गरेका थिए ।

अध्यक्ष लीसहित उनको नेतृत्वको प्रतिनिधिमण्डलका सदस्यहरूले नगरपालिकाले उनको स्वागतमा दरबार स्क्वायरको डबलीमा प्रदर्शन गरेको ऐतिहासिक भैरब प्याँख नाचको अवलोकन गरेको थियो । अध्यक्ष लीले यो नाचले चिनियाँ संस्कृति सम्झाएको भन्दै चीन र नेपालको संस्कृति मिल्दोजुल्दो रहेको बताएको थियो ।

उनले भक्तपुर दरबार स्क्वायर, पचपन्न झ्याले दरबार, स्वर्णद्वार, सुन्धाराको अवलोकन गरेको थियो । पचपन्न झ्याले दरबारको बनावटलाई निकै चासोका साथ अवलोकन गर्दै उनले यहाँका सम्पदाहरूमा भूकम्पले पुर्‍याएको क्षतिबारे पनि जानकारी लिएको थियो ।

अध्यक्ष लीलाई भक्तपुर नगरपालिकाका पर्यटन सूचना केन्द्रका प्रमुख गौतम लासिवाले भक्तपुरको सम्पदाहरूमा भूकम्पले पुर्‍याएको क्षतिबारे जानकारी गराएको थियो । भक्तपुरका भूकम्पले क्षति पुर्‍याएको ८० प्रतिशत सम्पदाहरूको पुनर्निर्माण सम्पन्न भएको जानकारी गराएका थिए । अध्यक्ष लीले यहाँको पुनर्निर्माणमा विदेशी दातृ निकायको सहयोगबारे जिज्ञासा राखेको जानकारी दिँदै प्रमुख लासिवाले भक्तपुर नगरभित्रका सम्पदाको पुनर्निर्माणमा कुनै पनि विदेशी दातृ निकायको सहयोग नलिएको र नगरपालिका, नेपाल सरकार एवं स्थानीयवासीको सहयोगमा सम्पदा पुनर्निर्माण गरिएको जानकारी गराएका थिए । प्रतिनिधिमण्डलका सदस्यहरूले नगरपालिकाले हालै पुनर्निर्माण सम्पन्न गरेको सिलु महादेव (फसीदेग)को अवलोकन गरेपछि पैदल नै पाँचतले मन्दिर पुगेर त्यहाँको अवलोकन गरेको थियो । अध्यक्ष लीले पाँचतले मन्दिरमा भूकम्पले क्षति नपुर्‍याउने गरी बलियोसँग कसरी बन्यो होला भन्ने जिज्ञासासमेत राखेको प्रमुख लासिवाले जानकारी दिए ।

पाँचतले मन्दिर र सँगैको भैरब मन्दिरको बनावट, निर्माणमा परम्परागत सामग्रीको प्रयोग तथा यहाँका पुराना वास्तुविद्को योजनाअनुसार निर्माण भएकाले क्षति नपुगेको प्रमुख लासिवाले जानकारी गराएका थिए ।

टौमढीमा नगरपालिकाले यहाँका सम्पदा, कला, संस्कृति र नाचका तस्बिरहरू प्रदर्शन गरेका थिए । तस्बिरहरूको अवलोकनका क्रममा अध्यक्ष लीलाई लासिवाले नयाँ वर्षमा बिस्केट जात्रा मनाउने यही ठाउँ रथ, जात्राको सञ्चालनबारे जानकारी गराएका थिए । यहाँका विभिन्न जात्रा, पर्व जात्रादेखि बुधबार मनाइने पुलु किसी जात्राबारे समेत जानकारी गराएका थिए । जात्रा, पर्व, नाचहरूका बारेमा जानकारी लिएपछि अध्यक्ष लीले नेपालका धेरै कला, संस्कृति, नाच र परम्पराहरू चीनको संस्कृतिसँग मिल्दोजुल्दो रहेको बताउँदै विश्वका विभिन्न देशका संस्कृति र यहाँको संस्कृतिका केही पक्षहरूमा समानता रहेकोसमेत बताए ।

पाँचतले मन्दिरको अवलोकनपछि बिदाइका क्रममा हेर्न बसेका स्थानीयलाई अध्यक्ष लीले नेपाली भाषामै नमस्ते भनेर सम्बोधन गरेका थिए । बिदाइका क्रममा अध्यक्ष लीसहितको प्रतिनिधिमण्डललाई नगरपालिकाका तर्फबाट मयूर झ्याल, नगरपालिकाका विभिन्न प्रकाशनहरू प्रदान गरिएका थिए । कोभिड-१९ को संक्रमणलाई ध्यान दिँदै नगरपालिकाले ती उपहारहरू हातमा नदिई एकमुष्ट प्रदान गरिएको थियो ।

अध्यक्ष लीले नगरप्रमुख प्रजापति, संघीय सांसद सुवाल लगायतलाई उपहार प्रदान गरेका थिए । टोलीले भक्तपुरको एक घण्टासम्मको अवलोकन सकेर बिहान १०:२० बजे फर्किएको थियो । अध्यक्ष लीले बुधबार अपराह्न ४ बजे शीतल निवासमा राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको बताए । त्यसअघि उनले मंगलबार प्रधानमन्त्री शेर बहादुर देउवासँग शिष्टाचार भेटवार्ता गरेका थिए । उनले मंगलबार नै राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसँग शिष्टाचार भेटवार्ता गरेका थिए । मंगलबार नै दिउँसो परराष्ट्रमन्त्री डा. नारायण खड्काले अध्यक्ष लीसँग शिष्टाचार भेटवार्ता गरेका थिए ।

सभामुख अग्निप्रसाद सापकोटाको मैत्रीपूर्ण निमन्त्रणामा सोमबार विशेष विमानबाट नेपाल आएका उनले सोही दिन सभामुख सापकोटासँग प्रतिनिधिमण्डल स्तरीय द्विपक्षीय भेटवार्ता गरी सहयोगसम्बन्धी छबुँदे सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

अध्यक्ष ली नेतृत्वमा छजना चिनियाँ उच्च अधिकारी, सुरक्षाकर्मी, सञ्चारकर्मी र अन्य स्टाफसहित ६७सदस्यीय प्रतिनिधिमण्डल रहेको मन्त्रालयले जनाएको छ । अध्यक्ष ली भ्रमण सम्पन्न गरी आज भदौ ३० गते बिहान विशेष विमानबाट स्वदेश फर्कने कार्यक्रम रहेको छ ।

## डेंगुबाट बच्न सतर्कता अपनाउन आग्रह


काठमाडौँ, २९ भदौ (रासस)/ स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री हिराचन्द्र केसीले डेंगुको जोखिम बढिरहेकाले सतर्कता अपनाउन सबैमा आग्रह गरेको छ ।

बुधबार अपिल जारी गर्दै उनले डेंगुको पहिचान र उपचारमा कमी हुन नदिन मन्त्रालय लागिपरेको बताए ।

"डेंगु संक्रमण देखिएका जिल्लाका जनप्रतिनिधिसँग छलफल गरेर स्वास्थ्यकर्मी परिचालन गर्ने काम भइरहेको छ ।

जनप्रतिनिधिसँगसँगै स्थानीय सरोकारवाला, स्वास्थ्य स्वयंसेविका मिलेर डेंगु नियन्त्रणका लागि लामखुट्टेको लार्भा खोज्ने, त्यसलाई नष्ट गर्ने, चेतना फैलाउनेलगायत काम भइरहेको छ," राज्यमन्त्री केसीद्वारा जारी अपिलमा भनिएको छ ।

# इटलीको चलचित्र महोत्सवमा नेपाली चलचित्र पुरस्कृत




काठमाडौँ, २९ भदौ (रासस)/ नेपाली छोटो चलचित्र 'सर्भाइभल-लिभिङ थ्रु कोभिड' ले युरोपेली मुलुक इटलीमा आयोजना गरिएको 'अल्बोरी सोलप्लेस फिल्म फेस्टिभल' महोत्सवमा पुरस्कार हात पार्न सफल भएको छ ।

अफजल खानद्वारा निर्देशित तीन मिनेट ५० सेकेन्ड लामो सो चलचित्रले 'उत्कृष्ट छायाँङ्कन' विधामा पुरस्कार पाएको हो । यो चलचित्र ड्रिम भिजन स्टुडियोले निर्माण गरेको हो ।

सो चलचित्रमा कोभिड महामारीमा नेपाली जनताले भोगेका समस्या, बाँच्नका लागि उनीहरूले गरेको संघर्ष र कोभिडलाई जितेको भोगाइ देखाइएको निर्देशक/निर्माता किशोर श्रेष्ठले बताए । चलचित्रमा संवादको प्रयोग नगरिएको निर्देशक श्रेष्ठले जानकारी दिए ।

उनकाअनुसार कोभिड जस्तो महामारीबीच मानव जातिले गरेको संघर्ष र जीवन उत्थानशीलता नै यो चलचित्रको मुख्य सन्देश हो । यो चलचित्र यसअघि फ्रान्सको प्रसिद्ध 'कान्स वर्ल्ड फिल्म फेस्टिभल'मा 'उत्कृष्ट कोभिड विषयक चलचित्र' विधामा पुरस्कृत भइसकेको छ ।

# धमाधम उठ्न थाल्यो कर




काठमाडौँ २९ भदौ (रासस)/ काठमाडौँ महानगरपालिकाको पटक पटकको ताकेतापछि लामो समयदेखि ढुक्कले बसेका करदाता कर तिर्न थालेका छन् । कामपाले यही भदौ १५ गतेदेखि पटकपटक कर तिर्न करदातालाई पत्राचार गरेको थियो ।

पत्राचार र कामपाको पटकपटकको ताकेताका आधारमा अहिलेसम्म ८४ लाख ३४ हजार असुल भएको कामपा राजश्व विभागका प्रमुख डा. शिवराज अधिकारीले जानकारी दिए । "अहिलेसम्म जति पनि असुल भएको छ त्यो सबै मनोरञ्जन कर हो । अन्य कर तिर्नका लागि केहीले विवरण लिएर आएका छन् भने केही सम्पर्कमा समेत आएका छैनन्", उनले भने ।

***कस्ले तिरे मनोरञ्जन कर***

मनोरञ्जन करबापत काठमाडौँ फन पार्कले १७ लाख ३६ हजार, डेन्टिन क्यासिनो होटल म्यारिटले २१ लाख ४२ हजार, क्यासिनो प्यालेस अन्नपूर्ण होटलले ११ लाख ८५ हजार, प्राइट इन्टरटेनमेन्ट एन्ड सिक्रिएशन हयात होटलले नौ लाख ८९ हजार, माजोङ्ग इन्टरटेनमेन्ट होटल सोल्टीले नौ लाख ९३ हजार र बेलिज क्यासिनो मल्ल होटलले १३ लाख ८८ हजार रकम बुझाएको छ ।

मनोरञ्जन कर तिर्नका लागि अन्य केहीले विवरण बुझाएर आगामी मिति तय गरेका छन् । कामपाका नगरप्रमुख बालेन्द्र साह निर्वाचित भएर आएसँगै कामपाको विगत २९ वर्षदेखि असुल हुन नसकेको सम्पत्ति कर, बहाल कर र मनोरञ्जन करका ताकेता गरिँदै आएको छ । सो अवधिमा घरजग्गा र सम्पत्ति कर नतिर्नेमा ठूलाठूला व्यवसायी र सार्वजनिक संस्थान बढी छन् । "उक्त शीर्षकको करस्वरूप कामपाले ५० करोड बक्यौता असुल गर्नुपर्ने छ", अधिकारीले भने, "७० करोड असुल गर्नुपर्ने थियो, गत वर्ष २० करोड असुल गरियो । अब ५० करोड बाँकी छ ।"

गत वर्ष पनि कामपाले बक्यौता रकम असुलको सम्बन्धमा सार्वजनिक सूचना जारी गरी सम्बन्धित संस्थालाई पटक-पटक जानकारी गराएको थियो । उक्त सूचनाका आधारमा केही संस्थाले सम्पर्कमा आएर कर तिरे पनि अझै धेरै करदाता सम्पर्क गर्नसम्म नआएको कामपाले जनाएको छ । बक्यौता असुल गर्नका लागि कामपाले पहिलो चरणमा पत्राचार गरेको छ ।

पत्रका आधारमा विवरणसहित कर बुझाउन आनाकानी गरे दोस्रो पटक माइकिङ गरेर जानकारी दिने तथा त्यसको पनि बेवास्ता गरे महानगरबाट प्रवाह हुने सेवा रोक्ने र तालाबन्दी गर्ने तयारीमा कामपा छ ।

***सम्पर्कमा आउन थाले सरकारी निकाय***

विगत २९ वर्षदेखिको करस्वरूपको बक्यौता नतिर्नेमा सबैभन्दा बढी सार्वजनिक संस्थान रहे पनि पछिल्लो समय विवरणसहित सम्पर्कमा आउने क्रम बढेको छ । पछिल्लो समय नेपाल विद्युत् प्राधिकरण, वीर अस्पताल र अन्य केही पनि कामपाको सम्पर्कमा आएका छन् । यसरी कर नतिर्नेमा साझा भण्डार, राष्ट्रिय नाचघर, चेम्बर भवन, कर्मचारी सञ्चय कोष, खाद्य संस्थान, कृषि सामग्री कम्पनी, नेपाल शेयर मार्केटलगायत छन् ।

त्यसैगरी ह्वाइट फिल स्कुल, रञ्जना ट्रेड सेन्टर, मनमोहन मेमोरियल कलेज एन्ड शिक्षण अस्पताल, आरबी कम्प्लेक्स, त्रिवेणी कम्प्लेक्स, डेन्टल अस्पताललगायतले हालसम्म आफ्नो विवरणसमेत विभागमा नबुझाएको कामपाले जनाएको छ ।

समयमै कर नतिरे प्रत्येक वर्ष १० प्रतिशतका दरले जरिवानास्वरूप रकम वृद्धि हुँदै जान्छ । कामपाले अघिल्लो दुई वर्षमा भने कोरोनाका कारण करदाता समस्या परेको भन्दै जरिवाना करमा छुट दिएको थियो ।

लामो समयदेखि कर तिर्न आलटाल गरिरहेका कर दाताबाट विभागले ५० करोड असुल गर्ने तयारीस्वरूप अहिले अभियानका रूपमा नै कर संकलन थालेको छ । डा. अधिकारी भन्छन्, "सम्पर्क नगर्नेको घर, पसल र व्यवसायमा सिलबन्दी गर्ने तथा सरकारी बाँकी सरह राजश्व असुली गर्ने प्रक्रिया अगाडि बढाएका छौँ ।"

# व्यवसायीलाई आकर्षित...

दक्षिण अमेरिकाको मेक्सिकोबाट उत्पत्ति भएको यो फल सिँउडी प्रजातिमा पर्छ । यसको बैज्ञानिक नाम 'हाइलोसेरुस अन्डटुस' हो । यसलाई पितया, मुन लभर्स, रात कि रानी, रात कि घन्टी, क्यान्डेरेला लगायतको नामले पनि चिन्ने गरिन्छ । गर्मी र सुख्खा हावापानीमा हुने सिउँडी प्रजातिको फलफूल हो । यसको स्तम्भ कमजोर भएकाले सहयोग आवश्यकता पर्दछ ।

लहरा ड्रागनको जिब्रो जस्तै हुने हुदाँ यसलाई ड्रागन फल भनिएको हो । फलको स्वाद गुलियो र अमिलोपनाको मिश्रण भएको हुन्छ । यस फलको तौल २०० ग्राम ९१.२ केजी हुन्छ । यस फलको जातहरुमा रातो बोक्रा र सेतो गुदी भएको, पहेँलो बोक्रा र सेतो गुदी भएको, रातो बोक्रा र रातो गुदी भएको जात पर्दछ ।

ड्रागन फल नेपालमा भित्रिएको त्यति लामो समय भएको छैन तर यसको लोकप्रियता भने छोटो समयमै चुलिएको छ । यो फल देख्दामा जति आकर्षक हुन्छ त्यत्तिकै स्वादिष्ट पनि । यसबाट प्राप्त हुने फाइदाले महंगो मूल्यलाई बिर्साइदिने प्रयोगकर्ताको भनाइ छ ।

ड्रागन फलका लागि उष्ण र उपोष्ण क्षेत्र उत्तम मानिन्छ । यसको खेती दक्षिण मोहडा भएको प्रशस्त घाम लाग्ने र समुर्दी सतहदेखि एक हजार ५०० मिटरसम्म उचाइ भएको जमिनमा गर्न सकिन्छ । पानी जम्ने माटोमा यसको बिरुवा हुर्किन नसक्ने भएकाले यसका लागि पानी नजम्ने ठाउँ रोज्नु पर्दछ र बलौटेदेखि दोमट माटोमा सजिलै खेती गर्न सकिन्छ । नेपालकोसन्दर्भमा यो फललाई सिँचाइ सुविधा भएको ठाउँमा तराई, भित्री मधेस र मध्य पहाडमा खेती गर्न सकिन्छ ।

नदीले कटान गरेको ठाउँ र खोलाको बगरमा पनि खेती गरिएको छ । गर्मी ठाँउमा खेती गर्न सकिने यस फलमा १२ प्रकारका खनिज पदार्थ तथा भिटामिन पाइन्छ । यो फलमा क्यान्सर प्रतिरोधात्मक गुण रहेको छ । छालासम्बन्धी विभिन्न रोग निको पार्नका लागि ड्रागन फलले सहयोगी भूमिका निर्वाह गर्छ । यसले कपाललाई पनि फाइदा पुर्‍याउँछ । यो फल गर्भवती महिलाको लागि अत्यन्तै लाभदायक हुन्छ । कोलस्ट्रोल, उच्च रक्तचाप नियन्त्रणमा पनि यसले भूमिका निर्वाह गर्छ । कब्जियतको समस्यालाई समेत निको पार्ने विभिन्न अध्ययनले देखाएको छ ।

यस फलले तौललाई सन्तुलनमा राख्ने काम पनि गर्छ । मजबुत हाड र दाँतका लागि ड्रागनको फल उपयोगी हुन्छ । साथै शरीरमा सेल उत्पादनमा पनि मद्दत पुर्‍याउँछ । बढ्दो उमेरका बालबालिकाका लागि यो फल निकै उपयोगी हुन्छ । यसले शारीरिक तथा मानसिक विकासमा महत्वपूर्ण टेवा पुर्‍याउँछ । आँखाको दृष्टिका लागि पनि यो उपयोगी फल हो । जस्तोसुकै माटोमा खेती गर्न सकिने यस फललाई गमला, घरको छत तथा करेसामा पनि लगाउन सकिन्छ । यो फल मीठो मात्र छैन, औषधीय गुणले पूर्ण छ । ड्रागनको एउटै बोटले धेरै वर्षसम्म फल दिइरहन्छ । यसको फल १५० ग्रामदेखि एक किलोसम्म हुने हुँदा यसबाट मनग्य आम्दानी लिन सकिन्छ ।

खेती गर्न त्यति गाह्रो छैन । तराईदेखि उच्च पहाडी भेगमा पनि यसको खेती गर्न सकिने यो खेती समुन्द्री सतहदेखि करिव तीन हजार मिटसम्मको उचाइमा सम्भव छ । सुक्खा ठाउँबाट पनि यसको फल प्राप्त गर्न सकिन्छ । धेरै वर्षसम्म उत्पादन दिने यस फल फूल फुलेको ४५ दिनमा यसको तयार हुन्छ । जेठदेखि असोज-कात्तिकसम्म फुल फुलिरहन्छ । यसले राम्रो उत्पादन दिने भएकाले खेती गरेर पनि मनग्य आम्दानी गर्न सकिन्छ ।

यो फलबाट उच्चस्तरको आइसक्रिम, इनर्जी ड्रिंक, वाइन र ब्रान्डी बनाउन सकिन्छ । यसबाट केक पनि तयार पार्न सकिन्छ । गर्मी मौसममा लस्सी बनाएर खान सकिन्छ । ड्रागनको मुन्टाको तरकारी निकै स्वादिष्ट हुन्छ भने यस फललाई सलादको रुपमा पनि प्रयोग गर्न सकिन्छ । विभिन्न स्विट परिकारमा निकै उपयोगी हुने यो फललाई कतिपयले फ्रुट प्लाटर, प्यान केकमा यसको प्रयोग गर्ने गरेका छन् । -रासस

## सोह्रखुट्टेका अनधिकृत संरचना हटाइँदै

काठमाडौँ, २९ भदौ (रासस)/ काठमाडौँ महानगरपालिकले सोह्रखुट्टे क्षेत्रमा निर्माण गरिएका अनधिकृत संरचना हटाउन सुरु गरेको छ । काठमाडौँ महानगरपालिकाको प्रमुखमा बालेन्द्र शाह निर्वाचित भएसँगै अनधिकृत रूपमा निर्माण गरिएका संरचना हटाउने क्रममा आज काठमाडौँ महानगरपालिका-१६ सोह्रखुट्टे क्षेत्रमा त्यस्ता संरचना हटाउन थालिएको हो ।

काठमाडौँ महानगरापलिका -१६ का वडाध्यक्ष मुकुन्द रिजालले सोह्रखुट्टे चोकदेखि म्हैपीसम्मको सडकमा अनधिकृत रूपमा निर्माण गरिएका संरचना हटाउन सुरु गरिएको जानकारी दिए । उनका अनुसार अतिक्रमण गरी सञ्चालित फुटपाथ र नक्सा विपरीतको संरचना हटाइएको हो ।

सो वडाले वडाभित्र निर्माण गरिएका अनधिकृत संरचना हटाउन केही दिनअघि पत्राचारसमेत गरेको थियो ।

सोह्रखुट्टे क्षेत्रमा डोजर चल्न थालेपछि घरधनी र महानगर प्रहरीबीच विवाद भएको थियो । काठमाडौँ महानगरपालिकाले यसअघि न्यूरोड, नयाँ बानेश्वर, कोटेश्वर, चाबहिल र नयाँ बसपार्क क्षेत्रमा नक्सा विपरीत अनधिकृत रूपमा बनाइएका संरचना हटाइसकेको छ ।

# राष्ट्रिय परिचयपत्र: अब समस्या छैन

काठमाडौँ, २९ भदौ (रासस)/ रोमानिया जाने योजना बनाएर राहदानी बनाउन काठमाडौँ जिल्ला प्रशासन कार्यालय आएका शङ्खरापुर नगरपालिकाका प्रदीप शिवभक्तिलाई १० महिनाअघि राष्ट्रिय परिचयपत्र बनाउँदाको दु:ख सम्झन मन छैन ।

त्यो बेला राष्ट्रिय परिचयपत्र बनाउन यही कार्यालयमा उनी वाक्कदिक्क भएको थियो । "त्यो बेलाको भिड दु:ख सम्झन चाहन्न", उनले फोटो खिच्ने ठाउँ औँल्याउँदै भने, "ऊ त्यहाँ हेर्नुस् अहिले त भिडै छैन ।" केहीबेर गफिएपछि त्यो बेला (परिचयपत्र बनाउँदा) को हप्ता दिनको कष्ट उनले खोले ।

शिवभक्तिले पहिलो दिन राष्ट्रिय परिचयपत्रका लागि फाराम भरे । त्यो बेला टोकन प्रणाली चल्थ्यो । "फाराम भरेपछि टोकन लिन कहाँ सिजिलो थियो र ? राती १२ बजेतिरै लाइनमा बस्नु पर्थ्यो, नत्र पालो पाउनै मुस्किल थियो, त्यस दिन राती २ बजे आउँदा काठमाडौँ प्रशासन कार्यालय अगाडिको सडकमा टन्न लाइन, थेगिनसक्नु भिड थियो, सबैभन्दा अन्तिममा लाइन समाए", उनले भने ।

उनले कुर्दाकुर्दा दोस्रो दिन बिहान बल्ल टोकन भेट्टाए । टोकन नलगी प्रशासन कार्यालय जानुको अर्थ थिएन । उनी तेस्रो दिन बिहान टोकन बोकेर बल्ल कार्यालय छिरे । भित्र पनि थेगिनसक्नु सेवाग्राही थिए । ठेलम्ठेल भीडका बीचमा उनी पनि पसे । फेरि मानिसको तानातान, मारामार, झगडा मिलाउन प्रहरीलाई हम्मेहम्मे पर्थ्यो ।

उनी त्यो भीडमै हराए र त्यसदिन रित्तो हात घर फर्के । चौथो दिन पनि गेट बाहिर बाक्लै भीड थियो । गेट खोल्ने बित्तिकै तछाडमछाड गरेर मानिस भित्र पसे । त्यसबेला कतिका लगाएका सामान हराउँथे, कति थिचिन्थे, कति कुटिन्थे, पत्तो हुँदैन्थ्यो । निरीह बनेर फर्कनुपर्ने बाध्यता थियो । "त्यस दिन ठेलम्ठेल भीडमै झगडा पनि भयो । जति प्रयास गर्दा पनि पालै पाइएन । फेरि अर्को दिन (पाचौँ दिन) टोकन बोकेर आउँदा बल्ल फोटो खिच्न पाएँ ।"

परिचयपत्र कहिले आउने हो थाहा छैन तर एउटा स्लिप दिँदो रहेछ । त्यो पाउँदा ठूलै जित हासिल भएको महसुस भयो शिवभक्तिलाई । त्यस कागजमा राष्ट्रिय परिचयपत्रको नम्बर हुन्छ । रोमानियाको भिसा लागेपछि त्यही कागज बोकेर उनी राहदानीका लागि आउँदा सबै कुरा खोले । उक्त टोकन प्रणालीमा दलाल सक्रिय भएपछि त्यो प्रणाली असफल हुन पुग्यो । यसअघिका काठमाडौँका प्रमुख जिल्ला अधिकारी गोविन्द रिजाल टोकन प्रणालीमा अन्य व्यक्तिले लिएर 'ब्ल्याक'मा बेच्न थालेकाले त्यो प्रणाली हटाएको बताए ।

त्यसपछि म्याद तोक्ने प्रणालीको विकास भयो । पछि केही होलो त भयो तर भिड भने घटेन । भिड रोक्न विभिन्न उपाय अवलम्बन गरियो । त्यसले भीड केही कम गरेको सुनाउँछन् प्रशासनका अधिकारी ।

काठमाडौँको जडिबुटीकी सविना कार्कीले गएको असारमा फाराम भर्दा दुई महिनाको म्याद पाए । अरुले पाँच/सात महिनामा पालो नपाइरहेका बेला दुई महिनाको पालो आउने मिति देख्दा औधी खुसी लागेको उनले सुनाए । "खै मेरो पालामा फाराम भर्ने नै कम भएर पो हो की दुई महिनामा पालो आयो, अहिले सामान्य त्रुटी देखिएकाले सच्याउन आएकी हुँ", उनले अनुभव सुनाए । अघिल्लो हप्ता उनले सच्याउन फाराम भर्दा पुसमा पालो देखाइएको थियो । पुरानो सच्याउन आएको भनेपछि त्यही दिन नै काम सकेर उनी फर्किए ।

अहिले अनलाइन फाराम भर्दा पुस, माघको मिति दिने गरिएको छ । स्वचालित रूपमा अनलाइन फाराममा त्यो देखाउँछ । आवश्यक छ भनेर अनुरोध गरेर आउने सेवाग्राहीलाई रित्तो हात पठाउने गरिएको भने छैन । आवश्यकता पर्नेको हकमा सहजिकरण गर्ने गरिएको गृह मन्त्रालयको राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागका महानिर्देशक तिर्थराज भट्टराई बताउछन् ।

उनका अनुसार साउन मसान्तसम्ममा मुलुकभर ८६ लाख जनाले परिचयपत्र बनाइसकेका छन् । हरेक महिना झण्डै पाँच लाख जनाले परिचयपत्र बनाउने गरेकाले त्यही हाराहारीमा यो महिनामा बनेको उनको अनुमान छ । सबै तथ्याङ्क आउन भने बाँकी रहेको भट्टराईले बताए ।

अहिले ७७ वटै जिल्ला प्रशासनमा अनलाइनमार्फत काम हुन्छ । यसका साथै ४२ वटा इलाका प्रशासन कार्यालयबाट पनि परिचयपत्र बन्छ । धनुषा र सिराहाका पालिकामा पनि परिचयपत्र बनाउने काम सुरु भएको छ ।

नारायणहिटीका साथै काठमाडौँ र ललितपुरमा विभिन्न प्रदेश तोकेर उपत्यकामा हुने सेवाग्राहीका लागि सहजिकरण गरिएको छ । काठमाडौँ महानगरपालिकाका वडा तथा राष्ट्रिय सभागृहबाट समेत दिन थालिएको छ ।

भट्टराईका अनुसार अहिले ३८ जिल्लामा परिचयपत्र बनाउने काम सकिएको छ । कुल ७० प्रतिशत मतदाताले बनाए भने त्यो ठाउँमा परिचयपत्र बनाउने काम सफल भएको मानिन्छ । सोही आधारमा ३८ जिल्लामा काम पुरा भएको र अहिले मोरङ, सुनसुरी, सिराहा, धनुषा, दोलखा, गोरखा र बागलुङ, दार्चुला, दाङ, बर्दिया लगायत १३ जिल्लामा समस्या पनि छन् । ती जिल्ला प्रशासनमा परिचयपत्र बनाउने काम भने जारी नै छ ।

"मान्छेले विवरण सही नराख्दा बिग्रिने कारण सच्याउन झन्झट हुने गरेको छ । त्यसका अतिरिक्त दर्ता अपरेटर न्युन छन्, भत्ता कम भएकाले प्रोत्साहन नहुने हुँदा छाडेर जाने अवस्था पनि रहेको तथा कप्युटर, ल्यापपट एवं विविध प्राविधिक समस्यासमेत आउने गरेको छ", महानिर्देशक भट्टराई भन्छन्, "राज्यको रुपान्तरणकारी अभियान भएकाले नागरिकले कसरी सहज रूपमा परिचयपत्र प्राप्त गर्न सक्छन् भन्नेमा नै ध्यान रहेको छ । "

विगतमा अत्यधिक चाप भएको स्वीकार गर्दै भट्टराईले काठमाडौँमा विशेष व्यवस्था पनि गरिएको जानकारी दिए । अहिले धेरै समस्या समाधान भइरहेको उनले बताए । नियन्त्रण गर्ने उपायस्वरुप बिहान ९ देखि साँझ ६ बजेसम्म अभियान सञ्चालन गरेकाले समस्या हटेको उनले सुनाए । उनले अहिले अनलाइन फाराम भर्दा पुसको मिति देखाउने तर आवश्यक छ भने त्यो मितिका कारण नरोकिने पनि स्पष्ट पारे ।

राष्ट्रिय परिचयपत्र व्यक्तिको परिचय प्रमाणिकरणको डिजिटल समाधान हो । डिजिटल विशेषता रहेकाले अहिलेको आधुनिक युगमा यसलाई सार्वजनिक सेवासँग अन्तरसम्बन्धित गराइ विविध कामका लागि प्रयोगमा ल्याउन सकिने हुनाले यसको अत्यन्त महत्व रहेको छ ।

# प्राविधिक मर्मतपछि नारिता उड्यो वाइडबडी जहाज



काठमाडौँ, २९ भदौ (रासस)/ प्राविधिक समस्या देखिएको राष्ट्रिय ध्वजा बाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को वाइडबडी जहाज प्राविधिक मर्मतपछि जापानको नारिता उडेको छ ।

गएराति जापानको नारिताका लागि उडेको उक्त जहाजको कार्गो सामान राख्ने ठाउँमा धुँवा आएपछि जहाज उडेको केहीसमयमै काठमाडौँस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल फर्किएको थियो । एक सय ८४ यात्रु बोकेर नारिता उडेको जहाँजमा प्राविधिक समस्या देखिनासाथ विमान चालकले जहाजलाई काठमाडौँ फर्काउने निर्णय लिएका थिए ।

उक्त जहाज मर्मतपछि बिहान १० बजे नारिताका लागि उडान भरेको निगमका प्रवक्ता अर्चना खड्काले जानकारी दिए । उनले भने, "हिजो राति जहाज उडेको केहीसमयपछि प्राविधिक समस्या देखिएकाले जहाज फर्किएको थियो, प्राविधिक मर्मतपछि जहाज उडिसक्यो, कार्गो होल्डमा धुँवा देखिएपछि जहाज काठमाडौँ फर्किएको थियो ।"

निगमसँग अन्तर्राष्ट्रिय उडानका लागि दुई थान वाइडबडी र दुई थान न्यारो बडी जहाज छन् ।

# 'बालबालिकासँग सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयन हुनुपर्छ'

साझाकुरा संवाददाता



हेटौंडा, २९ भदौ/ बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्माले बालबालिकासँग सम्बन्धित सबै खाले कानूनको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् ।

बुधवार २९ भदौमा राष्ट्रिय बाल दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै शर्माले बालबालिकाको सवालमा व्यवस्था गरिएका विभिन्न संवैधानिक तथा कानूनी प्रावधानहरुको स्थानीय, प्रदेश तथा संघ गरी तीनै तहका सरकारबाट प्रभावकारी कार्यान्वयन हुनुपर्ने बताएका हुन् ।

प्रमुख शर्माले वर्तमानका साझेदार एवं भविष्यका कर्णधार मानिने बालबालिकालाई भोलिका दिनमा जिम्मेवार नागरिक बनाउन सम्बन्धित पक्ष लागिपर्न आव्हानसमेत गरेका छन् । शर्माले आफ्नो सन्देशमा नेपालको संविधानले बालबालिकाको सर्वाङ्गीण विकासका लागि बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता अधिकार व्यवस्था गरेको उल्लेख गरे । नेपालले बालअधिकार सम्बन्धी महासन्धी १९८९ लाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेर बालबालिकाको विकास, बालअधिकारको संरक्षण र बालसहभागिता जस्ता विषयमा आफ्नो अन्तर्राष्ट्रिय प्रतिबद्धता गरेको दिनका अवसरमा हरेक वर्ष २९ भदौमा राष्ट्रिय बाल दिवस मनाउँदै आइरहेको उल्लेख गरे । 'बालमैत्री समाजको आधार: जिम्मेवार परिवार, उत्तरदायी सरकार' भन्ने नारासहित बुधवार बाल दिवस मनाइएको थियो ।

# किशोरीलाई यौनजन्य क्रियाकलापमा लगाएको आरोपमा महिला पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ हेटौंडा-१०, स्थित बसपार्कमा रहेको एक होटलमा काम गर्ने बालिकालाई यौनजन्य क्रियाकलापमा लगाएको आरोपमा सञ्चालक पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले बसपार्कको निहारिका होटलमा किशोरीलाई यौन क्रियाकलापमा लगाएको आरोपमा होटल सञ्चालक ४० वर्षीय एक महिला पक्राउ परेकी हुन् ।

प्रहरीमा पीडित किशोरीले चार दिनअघि जाहेरी दिएपछि सञ्चालकलाई पक्राउ गरेर अनुसन्धान गरिरहेको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । मनहरी गाउँपालिका घर भएकी १९ वर्षीया एक किशोरीलाई भाडा माझ्ने काममा लगाइदिन्छु भनि ल्याएको र दैनिक यौन क्रियाकलाप लगाएको आरोपमा जाहेरी परेको हो । प्रहरीलाई सूचना आउना साथ होटलमा छापा हानिएको थियो । होटलमा छापा हान्दा सूचना अनुसार किशोरीलाई यौनजन्य क्रियाकलापमा लगाउँदै आएको पाइएको डिएसपी कार्कीले बताए । किशोरीलाई उद्दार गरिएको छ ।

पीडित किशोरीले जाहेरीमा आफूलाई यौनजन्य क्रियाकलापमा लगाउन बाध्य पारिएको आरोप लगाएकी छन् । पक्राउ परेकी अभियुक्त महिलालाई जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको कार्कीले जानकारी दिए ।

# हेटौंडाकी बरिसासँग भेट्ने भारतीय नायिका रश्मिकाको इच्छा

साझाकुरा संवाददाता




हेटौंडा, २९ भदौ/ हेटौंडाकी एक बालिकासँग भारतीय दक्षिण चलचित्र क्षेत्रकी लोकप्रिय नायिका रश्मिका मन्दनाले भेट्ने इच्छा व्यक्त गरेकी छन् ।

भारतका ब्लकबष्टर फिल्महरु 'पुष्पा', 'कमरेड'मा अभिनय गरेर चर्चामा आएकी रश्मिकाले बुधवार आफ्नो आधिकारिक ट्वीटरबाट हेटौंडाकी एक बालिकासँग भेट्ने इच्छा जाहेर गरेकी हुन् ।

रश्मिकाले भेट्न खोजेको बालिका, हेटौंडा-९, स्थित सिमेन्ट रोड निवासी बरिसा क्षेत्री हुन् । उनी स्थानीय रसल एकेडेमीको यूकेजीमा पढ्दै आइरहेकी छन् । बरिसाले करिब चार महिनाअघि एकेडेमी परिसरमै भएको एक कार्यक्रममा नृत्य प्रदर्शन गरेको भिडियो टिकटकमा भाइरल भएको थियो । उनले 'पुष्पा' फिल्मको 'सामी सामी' गीतमा कम्मर मर्काएकी थिइन् । फिल्ममा मन्दानाले नृत्य दिएकी थिइन् । रश्मिकाले आफ्नो ट्वीटर एकाउन्टबाट बरिसाको नृत्यु भिडियो शेयर गरेकी हुन् । बालिका बरिसाले 'सामी सामी' गीतमा आफ्नो कम्मर मर्काएको आजभन्दा करिब ४ महिना अघि हो ।

बरिसाको त्यो डान्स अहिले भाइरल बनेको छ । 'रश्मिकाले शेयर गर्नु भएको बालिकाको भिडियो हाम्रो रसल एकेडेमीमा पढ्ने बरिसा हुन् ।,' रसल एकेडेमीका प्रिन्सिपल सरोज पौडेलले साझाकुरासँग भनेका छन् । बरिसाको भिडियो खिच्ने थिइन्, शिक्षिका रोसनी कार्की । उनले एकेडेमी भने छोडिसकेकी छन् । कार्कीले एकेडेमीमा काम गर्दाको सम्झना आएपछि चार दिनअघि मात्रै बरिसाको नृत्यलाई टिकटकमा हालेकी थिइन् ।

टिकटकको भिडियो भाइरल भएपछि उक्त नृत्य रश्मिकाकोमा पुगेको पौडेलले बताए । रश्मिकाले आफ्नो ट्वीटरमार्फत बालिका बरिसा क्षेत्रीसँग भेट्ने इच्छा व्यक्त गरेकी छन् । उनले लेखेकी छन्, 'म यो प्यारीलाई भेट्न चाहन्छु.. म कसरी गर्न सक्छु ?' रसल एकेडेमीका प्रिन्सिपल पौडेलले बालिकालाई र शिमकासँग भेटाउन चाहेको बताएका छन् । तर, रश्मिकासँग भेटाउने कसरी भन्दै उनले प्रश्न गरे ।

# महिलासहित ५० जनालाई जनै बनाउने तालिम



साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठीले हेटौंडाका महिला र पुरुषहरुलाई जनै बनाउने तालिम दिएको छ ।

सामुदायिक महिला विकास केन्द्रको व्यवस्थापनमा भएको तालिम एक हप्तासम्म सञ्चालन हुनेछ । तालिममा ४३ जना महिला र ७ जना पुरुषको सहभागिता रहेको नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठीका महासचिव गोमा गौतमले जानकारी दिइन् । महिलाहरुलाई स्वरोजगार बनाउन तालिम दिइएको गौतमले बताएकी छन् ।

हरि प्रसाद अधिकारी, जगनाथ अधिकारी र कृष्ण प्रसाद सिलवालले तालिममा प्रशिक्षण दिएका छन् । महिलाहरुलाई मकैको खोस्टाबाट सजाउने फुल बनाउने तालिमको पनि व्यवस्था रहेको महागुठीले जानकारी दिएको छ । उत्पादित जनै आयोजक आफैंले खरिद गर्ने भएको छ ।

# दुई हजार बढी सक्रिय संक्रमित

काठमाडौं, २९ (रासस)/ पछिल्लो समय कोरोना संक्रमण विस्तारै ओरालो लाग्न थालेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त तथ्यांकअनुसार कोरोना भाइरसको संक्रमण दर लगातार घटिरहेको छ ।

मन्त्रालयका अनुसार बुधबार एक सय १९ जनामा संक्रमण पुष्टि भएको छ । चार हजार ८४ नमूनाको परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । बुधबार एक सय ३० संक्रमणमुक्त भएका छन् । देशभर सक्रिय संक्रमितको संख्या दुई हजार एक सय ९१ छ । काठमाडौंमा पाँच सय बढी, ललितपुर र चितवनमा दुई सय बढी सक्रिय संक्रमित छन् भने ताप्लेजुङ, मनाङ, मुस्ताङ, अर्घाखाँची, हुम्ला, डोल्पा, मुगु, जुम्ला, बझाङ र दार्चुलामा सक्रिय संक्रमित छैनन् ।

सक्रिय संक्रमितमध्ये होम आइसोलेसनमा दुई हजार एक सय होम आइसोलेसनमा, ७२ संस्थागत आइसोलेसनमा, १९ आइसियुमा र एक जना भेन्टिलेटरमा उपचाररत छन् । कोरोना भाइरस संक्रमणबाट हालसम्म १२ हजार १५ ले ज्यान गुमाएका छन् ।

# मिस मकवानपुरको चौथो संस्करण हुँदै




साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ सौन्दर्य प्रतियोगिता 'मिस मकवानपुर'को चौथो संस्करण आयोजनाको तयारी भइरहेको छ । आयोजक कलिउड सुपर डान्स एण्ड फिटनेस प्रालिले सौन्दर्य प्रतियोगिताको तयारी सकेको छ ।

प्रतियोगितामा मकवानपुरका १५ जनाले प्रतिष्पर्धा गर्ने भएका छन् । मिस नेपाल अर्थ २०२० की सुप्रिया श्रेष्ठ, मोडल पंकज सिंह ठकुरी र एन्जिला श्रेष्ठले निर्णायकको भूमिका निर्वाह गर्ने छन् । प्रतियोगिताको विजेताले ताज, ८० हजार नगदसहित डाइन एण्ड वाईन रेष्टुरेन्टमा रात्रिभोजको व्यवस्था, फोटो सुट, कुनैपनि विधामा आयोजक कम्पनीमा नि:शुल्क प्रशिक्षणको व्यवस्था, तीन दिनको आन्तरिक भ्रमणको प्याकेज, नि:शुल्क दक्ष मेकप ट्रेनिङलगायत आकर्षक पुरस्कारहरु जित्न सक्नेछन् ।

फष्ट रनरअपले ताज, ३५ हजार नगद, फोटो सुट, तीन दिनको आन्तरिक भ्रमण प्याकेजसहित आकर्षक पुरस्कारहरु पाउने आयोजकले जनाएको छ । सेकेण्ड रनरअपले ताज, २० हजार नगद, फोटो सुट, तीन दिनको आन्तरिक भ्रमण प्याकेज र आकर्षक पुरस्कारहरु पाउने जनाइएको छ ।

हेटौंडामा बुधबार आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिताका कोरियोग्राफर सोफिया फागोले असोज ३ गते सोमबार प्रतियोगिताको ग्राण्ड फिनाले हुने जानकारी दिएकी छन् । प्रतियोगिताको मुख्य प्रायोजक नेपाली उत्पादन क्यालिवर्स सुज रहेको छ ।

आयोजक कम्पनीका प्रमुख सुजन श्रेष्ठका अनुसार सह-प्रायोजकमा सिस्टर हुड फेसन स्टोर्सका साथै प्रतियोगितामा डाइन एण्ड वाइन, एनएस सिनेमाको सहकार्य रहेको छ । एजुकेसन पार्टनरको रुपमा राइट पथ, हस्पिटालिटी पार्टनरमा होटल सामना र बैकिंङ पार्टनरमा ज्योति विकास बैंक रहेको श्रेष्ठले जानकारी दिए ।

# राप्रपा नेपालको विद्यार्थी संगठनमा पोखरेल



साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ कमल थापा नेतृत्वको राप्रपा नेपाल निकट राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन मकवानपुर गठन भएको छ ।

हेटौंडामा भएको विद्यार्थी संगठनको भेलाले अध्यक्षमा कबिराम पोखरेललाई चयन गरेको छ । पोखरेलको अध्यक्षतामा २७ सदस्यीय जिल्ला समिति चयन बनेको हो । उपाध्यक्षहरुमा सन्जिब चौलागाई, सरिता चौलागाई, सचिवमा नवराज अधिकारी, कोषाध्यक्षमा आर्जन खतिवडा चयन भएका छन् ।

यसैगरी, सदस्यहरुमा शंकर पाण्डे, राम विश्वकर्मा, सुजन ढकाल, बुद्ध लामा , विज्ञान भुजेल, रोशन दंगाल, अमिर चौलागाई, आयुष दुलाल, शुभाष राई, सन्तोष विक, पुरुषोत्तम सापकोटा, सञ्जिता फुयाँल, अन्मिता लुईटेलगायत रहेका छन् । समितिमा रहेकाहरुलाई बधाई शुभकामना दिँदै पार्टीका महामन्त्री राजाराम बर्तौलाले आगामी निर्वाचनमा राप्रपा नेपाललाई स्थापित गर्न यवा पुस्ताहरुको महत्वपूर्ण भूमिका हुने भएकोले विद्यार्थी संगठनले आफुलाई संगठन केन्द्रीत हुनुपर्नेमा जोड दिए ।

राप्रपा नेपालका नेता गणेश थापाले विद्यार्थी संगठनमा आबद्ध विपन्न र जेहन्दार विद्यार्थीहरुलाई संगठनमार्फत बार्षिक रुपमा एक लाख बीस हजार रकम छात्रवृत्ति प्रदान गर्ने घोषणा गरेका छन् ।

कार्यक्रममा राप्रपा नेपाल मकवानपुरका अध्यक्ष गुरु प्रसाद सापकोटा, नेताहरु अम्बिका खतिवडा, दामोदर वाग्ले, टक्कर थापा, नवराज पौडेल, लक्ष्मण पौडेल, इन्दिरा पाठक, भृगु कार्की, रोम सापकोटालगायतको आतिथ्यता थियो ।

# टिभिएसको ग्राण्ड एक्सचेन्ज मेला सुरु

साझाकुरा संवाददाता




हेटौंडा, २९ भदौ/ हेटौंडामा टिभिएसको ग्राण्ड एक्सचेन्ज मेला सुरु भएको छ ।

टिभिएसको ग्राण्ड एक्स चेन्ज मेला हेटौंडामा बुधबारबाट सुरु भएको हो । असोज ३ गतेसम्म हेटौंडा-४ स्थित रानीदरबार अगाडि नयाँ बन्दै गरेको टिभिएसको स्वरुमको आँगनमा टिभिएसको आधिकारिक विक्रेता हेटौंडा अटो मार्टको आयोजना तथा जगदम्बा मोर्टसको समन्वयमा मेला भइरहेको छ ।

हेटौंडा अटो मार्टका सञ्चालक प्रवेशराज बरुवालले मेलामा ग्राहकले कुनै पनि कम्पनीको पुरानो साधन साटेर टिभिएसको मोटरसाइकल वा स्कुटर चढन सक्ने जानकारी दिए । ग्राहकले आफ्नो सवारी साधनको एक्सचेञ्ज गर्दै पुरानो साधनको बजार मूंल्याकन भन्दा सात हजार थप प्रदान गरिने 'बबाल फाइनान्स स्किम'अर्न्तगत् न्यूनतम २० प्रतिशत डाउनपेमेन्ट तथा मासिक जम्मा ४ हजार दुईसय ७७ रुपैयाँमा 'स्पट फाइनान्स' सुबिधालगायत अन्य धेरै उपहार समेत प्रदान गरिने उनले बताए ।

६ दिने मेलामा १०० वटा नयाँ टिभिएसको बिक्री गरिने लक्ष्य लिएको सञ्चालक बरुवालको दावी छ । हाल टिभिएसका न्यूनतम एक लाख ४२ हजारदेखी ८ लाखसम्मको विभिन्न मोडलका मोटरसाइकल तथा स्कुटीहरु बजारमा उपलब्ध छन् । टिभिएसले भदौ २० गते देखी नै लागू हुने गरी मुख्य चाडपर्व लक्षित 'कायापलट' नामको विशेष योजना पनी सार्वजनिक गरेको छ । यो योजनाअन्तर्गत् टिभिएसको कुनै पनि मोडल खरिद गर्दा पाँच पटकसम्म पुरस्कारहरु प्राप्त गर्न सक्ने छन् ।

खरिद गर्नुअघि नै १ लाख र खरिदपछि १० लाखसम्मको नगद प्राप्त गर्न सकिने साथै हरेक दिन योजना बारे सोधपुछ गर्न एकजना भाग्यशाली बिजेतालाइ रिएल मिसि ३० स्मार्ट मोबाइल उपहारको व्यवस्था गरिएको टिभिएसले जनाएको छ । साथै भाग्यसाली एक जनालाइ बम्पर उपहार ५० लाख नगद पुरस्कार उपलब्ध गराइने उनको भनाइ छ ।

# पेट्रोलियम ढुवानी व्यवसायीको आन्दोलन फिर्ता

काठमाडौं, २९ (रासस)/ पेट्रोलियम पदार्थको ढुवानी भाडा समयसापेक्ष वृद्धि गर्ने सहमति भएसँगै पेट्रोलियम ढुवानी व्यवसायीले आन्दोलन फिर्ता लिएका छन् ।




उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा, मन्त्रालय, नेपाल आयल निगम तथा नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासैका पदाधिकारीको छलफलपछि ढुवानी भाडा समायोजनसम्बन्धी विषय आगामी असोज ७ गतेसम्म लागू गर्ने सहमति भएको हो ।

सहमतिपश्चात् व्यवसायीले बुधबारदेखि आन्दोलनका कार्यक्रम स्थगित गरी ढुवानी सेवा सञ्चालन गरेका छन् । महासंघले विगत लामो समयदेखि ढुवानी भाडा समयसापेक्ष वृद्धि गरिनुपर्ने माग गर्दै आएको थियो । निगम र महासंघबीच व्यवसायीका मागअनुरुपको ढुवानी भाडा वृद्धिसम्बन्धी प्रस्तावलाई जतिसक्दो छिटो कार्यान्वयन गर्ने सहमति भएको छ । भाडा वृद्धिसम्बन्धी प्रस्ताव निगमको सञ्चालक समितिमा पेश भइसकेको छ । यसैगरी नेपाल पेट्रोलियम ट्यांकर चालक संघ र नेपाल यातायात स्वतन्त्र मजदुर संगठनले राखेका मागका सम्बन्धमा महासंघको प्रतिनिधिसहित सम्बन्धित संघ तथा संगठनको प्रतिनिधिको उपस्थितिमा आवश्यक छलफल गरी उचित सम्बोधन गर्ने सहमति भएको निगमले जनाएको छ ।

**पसल बिक्रीमा**

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

फोन नं.: ९८४५४८७२३२

ट्राफिक नियमको पालना गरौं।
बाटो काट्दा जेब्राक्रसको प्रयोग गरौं ।

*के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?*

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

विक्की फ्रेस मिट शप

हेटौंडा-२, चौकीटोल

हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण**: सफल छापाखाना